Educational Journal
Volume-V, Issue-I, May, 2026
DOI: https://doi.org/10.3126/ej.v5i1.95845
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Sanothimi, Bhaktapur

# विधागत अनुसन्धान स्वरूप औचित्य र  महत्व

*डा. बद्रीप्रसाद भट्टराई*
मुख्य कार्यालय सहायक
त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर
*badribhattarai21@gmail.com*

**लेखसार**

*विधागत अनुसन्धानले विधासम्बन्धित अनुसन्धानको अवधारणा निर्माण गर्न सहयोग गरेको हुन्छ। विधागत अनुसन्धानले समस्या अनुरूप समाधानका निमित्त स्वरूप औचित्य र महत्वसँग अनुसन्धानलाई डोऱ्याइ रहेको हुन्छ । प्रत्येक विधागत अनुसन्धानका आफ्नै प्रकारका उपयोगिता र सीमा हुन्छन् । समस्याविशेषको समाधानका लागि स्वरूप औचित्य र महत्व गाँसिएका हुन्छन् । कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानी जस्ता कुनै पनि विषयको अध्यनमा स्वरूप औचित्य र महत्व निर्धारण गरी मानवीय चेतनाका ग्रहण, विचार, भाव, सुख, दुःख र प्रेषणीयताका आधारबाट पूर्ण अध्ययन गर्न सकिन्छ । स्वरूप औचित्य र महत्वका आधारमा विधागत अध्ययन अघि वढाइने भएकाले जटिल मिश्रित विशिष्टिकृत समाजमा गरिने अध्ययन अनुसन्धानका विभिन्न समस्याहरू यसमा गाँसिएर आएका हुन्छन् । ती समस्याहरूको समाधानसँग जीवनको जटिलता र दुरूहतालाई समेत बौद्धिक आधार दिनु विधागत अनुसन्धानका आधार हुन् । साहित्यका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा विधागत अनुसन्धान गर्दा विधागत स्वरूप औचित्य र महत्वले पार्ने प्रभावको समस्यासँग सम्बन्धित रही व्याख्यात्मक र विश्लेषणात्मक विधिबाट यो अनुसन्धान गरिएको छ । यस अनुसन्धानबाट स्वरूप औचित्य र महत्वमा आधारित भएर विधागत अनुसन्धान गर्दा अध्ययनले पूर्णता पाउने र विधासम्बन्धित अनुसन्धानको अवधारणा निर्माण गर्न पनि उपयोगी र सहयोगी हुने नतिजा प्राप्त हुन आएको छ  ।*

***विशेष शब्दकुञ्जी :*** *औचित्य, महत्व, विधा र स्वरूप*

## परिचय

विधागत अनुसन्धान अन्यखालका अनुसन्धान भन्दा फरक व्यवस्थित एवं तर्कसङ्गत प्रक्रियालाई अबलम्बन गरी नयाँ तथ्य पत्ता लगाउने र पुरानै तथ्यको परीक्षण वा पुनः व्याख्या गर्ने प्रक्रिया पनि हो । यो शब्द अंग्रेजी भाषाको रिसर्च ९च्भकभबचअज० सँग सम्बन्धित छ । यसको अर्थ फेरि खोज्नु अर्थात् कुनै विषयको राम्रो विश्लेषण गर्नु र नयाँ कुरा पत्ता लगाउनु हुन्छ । अनुसन्धानको अर्थ शुद्ध गर्नु वा खार्नु हो तसर्थ विधागत अनुसन्धानको अर्थ कुनै विधालाई तथ्यपूर्ण बनाउनु परिमार्जन गर्नु वा परिष्कार गर्नु भन्ने स्पष्ट हुन्छ । शोध, अन्वेषण, गवेषण शब्दको अर्थ पनि अनुसन्धान नै हो यसको अर्थ खोजी गर्नु हो तर विधागत अनुसन्धान निश्चित विधासँग सम्बन्धित रहेर खोजी गर्नुसँग जोडिएको हुन्छ । प्राज्ञिक क्षेत्रमा विधागत अनुसन्धान बढी प्रयोग हुने गरेको छ । विधागत ज्ञानार्जन गर्ने विधि अनुभव, आप्तवाक्य, निगमन, आगमन, अनुसन्धानमध्ये ‘विधागत अनुसन्धान’ अन्य अनुसन्धानभन्दा फरक र महत्वपूर्ण छ । विधागत अनुसन्धानको विषय र क्षेत्र अनुसन्धान गरिने विधागत विषयको स्वरूप औचित्य र महत्वलाई ध्यानमा राखी तयार गरिन्छ ।

**समस्याकथन**

साहित्यमा ज्ञानलाई विधागत बनाउन नसकिएमा वा ज्ञान पाठकको विधागत संवेदना अंश नभएसम्म साहित्यिक ज्ञान बढ्न सक्तैन । आधुनिक साहित्यमा अनुसन्धानलाई संश्लिष्ट रूपमा चिन्नु पर्दछ यस चिनारीको ज्ञान गर्नका लागि प्राथमिक रूपमा साहित्यमा निहित विधाका शाखाहरूका सन्दर्भको खोजी गर्नु पर्दछ । साहित्य चिन्तनको आधारमा साहित्यका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा विधागत अनुसन्धान स्वरूप औचित्य र **महत्व** के कस्तो रहेको छ भन्ने समस्याको कथनमा यो अध्ययन केन्द्रित रहेको छ ।

**उद्देश्य**

विधागत अनुसन्धानको समस्या अनुरूप समाधानका निमित्त साहित्यका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा विधागत अनुसन्धान स्वरूप औचित्य र **महत्व**लाई पहिचान गर्नु नै यो अध्ययनको उद्देश्य हो ।

**अध्ययनको औचित्य**

विधागत अनुसन्धान साहित्यको एक माध्यम वा साधनको रूपमा मात्र होइन, यो स्वयंमा एक सिद्ध र प्रमाणित वस्तु पनि बनेर रहेको हुन्छ । विधागत अनुसन्धान साहित्यमा कलापरक र कला बाह्यपक्ष दुबै बनेर रहेका हुन्छन् । विधागत अनुसन्धानले साहित्यको यो दोस्रो कला बाह्यपक्षलाई अनुसन्धानाध्ययनमा अन्तः साक्ष्यका रूपमा प्रयोगमा ल्याएको हुन्छ । अर्कोतर्फ साहित्यको कलापरक रूप पनि परिपूर्ण स्वायत्त, स्वयंसिद्ध भएकोले विधागत अनुसन्धनका लागि स्वतन्त्र अध्ययन गर्न सकिने विषय वस्तु बनेको हुन्छ । साहित्यिक चिन्तनको आधारमा साहित्यका कलापरक र कला बाह्य दुबै पक्ष विधागत अनुसन्धानका आधार सामग्री पनि हुन् । कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा विधागत अनुसन्धानका औचित्य, पहिचान र **महत्व**का सामग्री निहित रहेका हुन्छन् । यिनै सामग्रीहरूले विधागत अनुसन्धानको स्वरूप औचित्य र **महत्व**को अवस्था पहिचान गर्ने आधारलाई व्यवस्थित र स्तरीय तुल्याउन समेत सहयोग पुऱ्याउने हुँदा अध्ययनको औचित्य रहेको छ ।

**सामग्री सङ्कलन विधि**

विधागत अनुसन्धानको समस्या कथनमा उल्लेख गरिएको समस्याको प्रमाणिक समाधानका लागि दुई प्रकृतिका सामग्रीको सङ्कलन गरिएको छ । पहिलो प्रकृतिको सामग्री वा उपकरणका रूपमा कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा अनुसन्धान स्वरूप औचित्य र **महत्व**का तथ्याङ्क सामग्रीलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ र विभिन्न विद्वान्हरूका विचारलाई द्वितीयक सामग्री वा उपकरणका रूपमा लिई अध्ययन गरिएको छ । दुबै प्रकृतिका आवश्यक सामग्री पुस्तकालय विधिबाट सङ्कलन गरी यस अनुसन्धानलाई व्याख्यात्मक र विश्लेषणात्मक विधि र ढाँचाबाट विश्लेषण गरिएको छ । महत्व

**सामग्री विश्लेषण विधि र सैद्धान्तिक आधार**

विधागत अनुसन्धानको सामग्री विश्लेषण सैद्धान्तिक आधारका लागि विभिन्न विद्वान्हरूद्वारा साहित्यका कविता, कथा, निबन्ध, कहानी, उपन्यासहरूमा स्वरूप औचित्य र **महत्व**को पहिचान गर्ने सिद्धान्तहरूलाई आधार मानिएको छ ।

विधागत अनुसन्धानमा विधाको चिनारी नहोउन्जेल मूल्याङ्कन र अनुसन्धान दुवै गर्न सकिदैन । विधागत अनुसन्धानको सबभन्दा ठूलो समस्या प्रेषणीयताको हो । यसलाई समिक्षा या अनुसन्धान मध्ये केले प्रेषणीय बनाउँछ ? विधालाई प्रेषणीय बनाउन आवश्यक सन्दर्भ दिनु जरूरी हुन्छ । यो आवश्यक सन्दर्भ एक अर्थमा

विधाको सृजना प्रक्रियाको भाग हो । यस आवश्यक सन्दर्भमा आधुनिकता छ । पहिलो काम विधामा जानकारी बढाउनु हो । विधामा जुन प्रकारको भाषाको उपयोग हुन्छ त्यस भाषाको संस्कार प्राप्त नभएसम्म संवेदना विस्तार हुदैन । विधाको माध्यमबाट नै पाठकका संवेदना विस्तार हुन्छन् (राजुरकर, १९९७, पृ. ९) । भाषा अर्को अर्थमा वस्तु, पात्र, संवाद, वातावरण जस्ता तŒव रचनाका जैव अंग हुन् । रचना त एक जीवित एकाइ हुन् त्यसमा यी अंगद्वारा रचनाकारको जीवनानुभूति अभिव्यक्त हुन्छ । जुन प्रकार जीवनको चेतना ब्रह्म चेतना विविध जैव रूपमा व्यक्त हुन्छ त्यही प्रकार रचनाकारको अनुभूति चेतना विभिन्न विधा रूपहरूको माध्यमबाट अभिव्यक्त हुन्छ (चलेर, १९९७, पृ. १९७) । चेतनाको ग्रहण विधारूपको समग्रताद्वारा नै सम्भव छ ।

विधा मूलतः आत्मचरित्रात्मक हुन्छ । यो आत्मचरित्रात्मकता मुख्यतः अभिव्यक्तिका लागि ल्याउने अनुभवहरूको संवेदनात्मक **महत्व** बोध हो । लेखकसँग संवेदनात्मक **महत्व** बोध नभएमा या क्षीण भएमा ती विशिष्ट अनुभवहरूको अभिव्यक्ति क्षीण हुन्छ (गजानन, १९८९, पृ. ९३) । प्रयत्न अधुरा हुन्छन् । यिनलाई स्पष्ट गर्नाले मानवीय मूल्य पनि स्पष्ट हुन्छन् । आधुनिकताका सन्दर्भलाई पहिचान गरेर साहित्यिक विधाको संवेदनात्मक उद्देश्य बताउन सकिन्छ र त्यस स्थितिमा नै विधागत अनुसन्धानको प्रयोजन हुन सक्छ । विधागत विषयमा अनुसन्धानगर्दा ज्ञान-विज्ञानका अन्य शाखाहरूमा नित्य भइरहेका कार्यबारे विचार गर्नु पर्दछ । समवर्गी विधाशाखाहरूका उपलब्धिहरूको परिचयको अभावमा आधुनिक विधामा अनुसन्धान सम्भव देखिदैन (राजुरकर, १९९७, पृ. ख) । विधाको सम्बन्ध विचारहरूको अपेक्षा भावसँग बढी छ । गद्यविधा विचार प्रधान हुन्छ भाव प्रधान होइन । गद्य विधा पद्य विधाको विभाजन स्वयंमा विचार प्रधान तथा भाव प्रधान रूपमा हुन्छ ।

आधुनिक कालमा ‘कविता’ शुद्ध साहित्यको विधा रहेको छ । आधुनिक विधाका प्रवृत्ति आज गद्य साहित्यको अपेक्षा कविताका साथ बढी जोडिएको छ । कुनै ंवाद वा आन्दोलनको सम्बन्ध गद्यको अपेक्षा पद्यका साथ बढी मान्नु पर्दछ । यसको कारण आज कविता विधाको बदलिने प्रतिमान बुझ्न सहायक हुन्छ (राजूरकर, १९९७, पृ. ख) पहिले सबै विषय पद्यमा लेखिन्थे साहित्येतर विषय पनि पद्यमा लेखिन्थे । गद्यको प्रचार भएपछि साहित्यतर विषयलाई पद्यबाट मुक्ति मिल्न गएको छ । गद्य, पद्यको स्थूल विभाजनको कारण आधुनिक कालका साहित्यमा पद्यको सम्बन्ध साहित्यसँग रहेको छ । यसबाट कवितालाई साहित्यको केन्द्रीय विधा मान्नुपर्ने देखिन्छ । यस क्रममा आधुनिक कालमा कविता शुद्ध साहित्यिक विधा रहेको छ । शुद्ध कवित्वको साधनको अनुपातमा अन्तर्राष्ट्रिय काव्यमा दुरूहताको वृद्धि त्यही अनुपातमा हुँदै आएको छ । गद्य र पद्य विधामा प्रस्तुत सुख, दुःख, भावनालाई पाठकले अनावश्यक मानेर त्यसतिरबाट मुख मोडेका छन् र अरू कसैका लागि नभई आफ्ना लागि लेख्नुपरेको छ (राजूरकर, १९९७, पृ. छ) । यसबाट आधुनिक साहित्यिक विधामा अनुसन्धानकर्ताले यी कुराको उत्तर खोज्नु जरूरी छ ।

आधुनिककाललाई गद्य विधा प्रधान मानिन्छ । गद्यका अनेक विधाहरूको विकास यी दिनमा भइरहेका छन् । कहानी, उपन्यास, एकाङ्की, निबन्ध, डायरी, रिपोर्ताज, जीवनी, संस्मरण आदि प्रमुख गद्य विधा हुन् । यी विधाहरूका अरू पनि भेद छन् । गद्यका यी विधाहरूको सम्बन्ध ज्ञान विज्ञानका समस्त शाखाहरूसँग छ । निबन्ध गद्यको केन्द्रीय विधा हो । कविता चाहिँ साहित्यकै केन्द्रीय विधा हो (राजूरकर, १९९७, पृ. ख) । ज्ञान विज्ञानका साहित्येतर शाखाहरू गद्यसँग सम्बन्ध राख्छन् र गद्य मूलतः विचारप्रधान छ । गद्यका विधाहरूलाई छाडेर पद्यमा नै विचार गरेमा पनि के प्रतीत हुन्छ भने आजको कविता गद्यबाट प्रभावित भैरहेको छ । कविता स्वयं गद्यमय भइरहेको छ । यस्तै गद्य-साहित्य जो अधिक रागमयी एवम् लालित्ययुक्त छ पद्यमय भइरहेको छ । पहिले कविता गीतयुक्त भएपनि गद्यको प्रभावबाट कविता गीतबाट अलग भएको छ । ठीक यही प्रकार गीतको प्रभाव गद्यमा पनि परेको छ र गद्य-गीत लेखिइरहेको छ । आधुनिक कालमा साहित्यका विभिन्न रूपको विकास भएको छ । यो गद्य र पद्य दुवैमा भएको छ (राजूरकर, १९९७, पृ. छ) । यी रूपहरूको प्राविधिक चिनारीका साथमा अधुनिक विधा र अनुसन्धानको कार्य जोडिएको छ ।

यस सैद्धान्तिक आधारबाट अधुनिक विधाका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीहरूमा स्वरूप औचित्य र **महत्व** अध्ययन गर्न सकिने आधार निर्माण भएको छ । मानवीय

चेतनाका ग्रहण, विचार, भाव, सुख, दुःख र प्रेषणीयताका आधारबाट विधागत अनुसन्धानको स्वरूप औचित्य र महत्व अध्ययन गर्न सकिने सैद्धान्तिक आधारबाट यो अध्ययन गरिएको छ ।

**सीमाङ्कन**

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य साहित्यका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा मानवीय चेतनाका ग्रहण, विचार, भाव, सुख, दुःख र प्रेषणीयताका आधारबाट विधागत अनुसन्धानको स्वरूप औचित्य र महत्वको पहिचान के कस्तो रहेको छ त्यसको मात्र विश्लेषण गर्नु यसको सीमा रहेको छ ।

**अनुसन्धानको स्वरूप**

अनुसन्धानका स्वरूपहरूलाई विविध प्रकारमा विभाजन गर्न सकिन्छ । स्थलका आधारमा पुस्तकालयीय, प्रयोगशालीय र क्षेत्रीय अनुसन्धान हुन्छन् । लक्ष्यका आधारमा सैद्धान्तिक, कार्य सैद्धान्तिक र प्रायोगिक हुन्छन् । प्रयोजनका आधारमा शैक्षिक प्रयोजन, खास तहको उपाधिका निम्ति परियोजनमूलक अनुसन्धान पर्दछन् । अनुसन्धानलाई विषय (भाषा साहित्य, दर्शन, विज्ञान), समय (ऐतिहासिक, समकालिन), अनुसन्धाता (एकल, दल), स्थल (पुस्तक, प्रयोगशाला, क्षेत्र) तर्क पद्धति (निगमन, आगमन), लक्ष्य (सैद्धान्तिक, प्रागोगिक), प्रयोजन, (उपाधि, परियोजना) आदि विभिन्न आधारमा वर्गीकरण तथा विभाजन गर्न सकिन्छ । अनुसन्धानको प्रकृति, तरीका तथा विशिष्ठताका आधारमा समाजशास्त्रीय अनुसन्धान, पद्धतिमा वर्णनात्मक तथा विश्लेषणात्मक, आधारभूत वा व्यावहारिक गणनात्मक वा गुणात्मक, धारणागत वा अनुभवजन्य अनुसन्धान हुन्छन् । अनुसन्धानयोजनाका अन्वेषणात्मक, वर्णनात्मक, निदानात्मक, परीक्षणात्मक प्रकार बढी प्रचलित छन् ।

सामाजिक अनुसन्धानका विशुद्ध मौलिक वा सैद्धान्तिक अनुसन्धान, व्यावहारिक अनुसन्धान, क्रियात्मक अनुसन्धान, अन्वेषणात्मक अनुसन्धान, मूल्याङ्कन अनुसन्धान, वर्णनात्मक अनुसन्धान छन् । तथ्य विश्लेषणका आधारमा सर्वेक्षण अनुसन्धान, वैयक्तिक अध्ययन, प्रायोगिक अध्ययन पर्दछन् । विभिन्न उद्देश्यको आधारमा अन्वेषणात्मक, वर्णनात्मक, निदानात्मक प्रयोगात्मक, घटनोत्तर अनुसन्धान प्रर्दछन् ।

मानवीय ज्ञानको वृद्धि गर्ने अद्वितीय साधन अनुसन्धान भएकाले यसले सामान्यतया निरीक्षण, सर्वेक्षण, परीक्षण विश्लेषण आदिद्वारा सत्यको खोजी गर्ने भन्ने अर्थ बुझाउँछ । अनुसन्धान व्यवस्थित रूपमा गरिने अध्ययन ज्ञानको खोजी हो जसको प्रस्तुति औपचारिक रूपमा गरिन्छ । अनुसन्धानका प्रकार मौलिक वा आधारभूत, क्रियात्मक वा प्रायोगिक हुन सक्छन् । अनुसन्धान विधि ऐतिहासिक, वर्णनात्मक, प्रयोगात्मक तुलनात्मक विश्लेषणात्मक, परिमाणात्मक, गुणात्मक, नृजातीय अनुसन्धान र क्षेत्रीय अध्ययन, केस अध्ययन हुन्छन् । अनुसन्धानको उद्देश्य मौलिक विरुद्ध क्रियात्मक, अवधारणा विरुद्ध आनुभाविक, सर्वेक्षण विरुद्ध मूल्याङ्कन अनुसन्धान हुन्छन् । यो निर्णयमुखी र निष्कर्षमुखी पनि हुने गर्दछ ।

साहित्यमा अनुभूति र त्यसका सबै बाहकतŒव अनिवार्य रहन्छन् । समालोचकले यस अनुभूति र यसका बाहकतŒवको विश्लेषण गर्छ र तिनलाई कसीमा उतार्दछ । यो अनुभूति कुनै यस्तो चीज होइन जसलाई नितान्त भावुकताको पुलिन्दा मात्र रहोस् । यसमा आद्यन्त विचारतŒव प्रवाहमान हुन्छ । भाव संचार भित्र ज्ञान संरचण नैसर्गिक अपरिहार्य रहन्छ । मानव चेतनाको विचार पक्ष नै घनीभूत रूपमा भाव अथवा अनुभूतिको रूप धारणा गर्दछ (राजूरकर, १९९७, पृ. १५७) । साहित्यगत विचार पक्षको विश्लेषणको अभावमा कुनै पनि साहित्यको मूल्याङ्कन अधूरो नै ठानिन्छ ।

अनूसन्धनमा कुनै कृतिको तŒवको उद्घाटन हुन्छ अरू केही हुँदैन । त्यो दृष्टि वा विचारको उद्घाटन हो जसमा कुनै पनि कृति उद्देश्य रूपलाई लिएर हिड्छ । विचारतŒवको अनेक रूपतामा नै मानवले कैयौं विधा शाखाहरूका स्वरूपलाई स्थापित गरेको छ यसैले विचार तŒवको विधाको आधारमा साहित्यको

अनुसन्धान गरिन्छ । यस्तो अनुसन्धान साहित्येतर विधास्तरमा गरिन्छ । यस प्रकार अनूसन्धेय कृतिमा समाहित मानवीय चेतनाका ग्रहण, विचार, भाव, सुख, दुःख र प्रेषणीयताका आधारबाट विधागत अनुसन्धानको बोधका सबै पक्ष उद्घाटन हुन्छन् ।

## नतिजा तथा प्राप्तिहरू

### अनुसन्धानको महत्व

अनुसन्धान वैज्ञानिक पद्धति हो । यो निगमनात्मक र आगमनात्मक पद्धतिभन्दा भिन्न छ । यो ऐतिहासिक वर्णनात्मक, प्रयोगात्मक, तुलनात्मक, विश्लेषणात्मक पद्धति जस्तै एक पद्धति हो । आजको मिश्रित जटिल विश्वमा यसको आवश्यकता र **महत्व** बढेको छ । हरेक विषयका बीचमा विभिन्न सामाजिक, आर्थिक, राजनैतिक, दार्शनिक, साहित्यिक आदि कुनै पनि विषयको अर्को विषयसँग सहसम्बन्ध राखेर मात्र पूर्ण अध्ययन गर्न सकिन्छ । एउटा विषय वा सास्यालाई अध्ययन गर्न अन्य विषयको अध्ययन गरी निष्कर्ष निकालिने गरिन्छ । आजको जटिल, मिश्रित तथा विशिष्टिकृत, समाजमा असीमित ज्ञानको भण्डार वृद्धि गर्न, सङ्कीर्ण दृष्टिकोणको अन्त्य गर्न सामूहिक रूपमा निष्पक्ष र वस्तुगत अध्ययन र अनुसन्धान आवश्यक रहेको छ (शर्मा, २०५५, पृ. १६) । अतः सामूहिक रूपको निष्पक्ष र वस्तुगत अध्ययन र अनुसन्धान आजको आवश्यकता हो ।

हरेक साहित्यिक सिद्धान्त सिद्धान्तगत तथा पद्धतिगत दृष्टिले मूलभूत रूपमा रचना दृष्टि र कला दृष्टिबाट निर्देशित हुन्छ । पहिलोको सम्बन्ध-दार्शनिक तथा सौन्दर्यात्मक प्रवर्गसित छ भने दोस्रोको सम्बन्ध काव्य-शास्त्रीय, विधागत तथा विधिगत स्थितिसित छ । यसै अर्थमा साहित्यिक सिद्धान्तहरूको निरूपण तथा तिनको व्यावहारिक प्रयोग आफैंमा वैचारिक कार्यहरू हुन् (बराल, २०५५, पृ. १४१) । सामूहिक रूपको निष्पक्ष र वस्तुगत अध्ययन र अनुसन्धान कार्य आजको आवश्यकता बनेको छ ।

साहित्यमा समग्र ज्ञान, अनुभूति र दर्शनका पूजीभूत सामग्री हुन्छन् । अतः साहित्यको अध्ययन, साहित्य शास्त्रीय सिद्धान्तहरूबाट र ज्ञानका अन्य कोणहरू विधाहरूका आधारमा पनि हुनु स्वाभाविक हुन्छ, किनकि त्यसमा ती संचारित हुन्छन् । अध्ययन मनोविज्ञान, सौन्दर्यशास्त्र, समाजशास्त्र इत्यादि मध्ये कुनै पनि विधाका आधारमा हुनसक्छ । यस्ता अध्ययनलाई साहित्येतर विधाका आधारमा गरिन्छ । यस अन्तर्गत अनुसन्धानकर्ताले जुन विधा शाखाका आधारमा अनुसन्धान गर्न चाहने हो त्यसका लागि सर्वप्रथम सिद्धान्त पक्ष वा अध्ययन भूमिको तयारीका रूपमा त्यस विधाशाखाको अध्ययन गर्दछ । यदि कुनै अनुसन्धानकर्ताले विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासमा मनोविश्लेषणात्मक पक्षमा अध्ययन गर्न चाहेमा उसले पहिले मनोविज्ञान विषयको अध्ययन गर्न आवश्यक हुन्छ । यस अध्ययनका पनि अनूसन्धेय कृतिगत शर्त हुन्छन् । अनुसन्धानकर्ताले मनोविज्ञानको जुन रूप कोइरालाका उपन्यास निर्वहनको जानकारी गर्छ त्यसका आधारमा अनुसन्धान गर्न सकिन्छ भन्ने बुझिन्छ । यसैका आधारमा अनुसन्धानको 'मनोविज्ञान' को अध्ययन त्यही आधारमा अनुसन्धानको सिद्धान्त पक्ष निर्माण गरिन्छ (सिंहलः १९९७, पृ. १५८) । यो सिद्धान्त पक्षले अनुसन्धानको **महत्व**लाई बहन गरेको हुन्छ र यसले अनुसन्धानको ढाँचा या साँचो निर्माण गर्दछ । यसमा मानवीय चेतनाका ग्रहण, विचार, भाव, सुख, दुःख र प्रेषणीयताका आधारबाट विधागत अनुसन्धानको सामूहिक रूपको निष्पक्ष र वस्तुगत अध्ययन ढाँचा निर्माण हुन्छ ।

### अनुसन्धानको औचित्य

अनुसन्धान आधुनिक युगको आवश्यकता हो । ज्ञान अखण्ड भए पनि त्यसको प्रस्तुति र प्राप्तिका मार्ग अनेक छन् । यी मार्गहरूलाई नै विविध विधाका रूपमा बुझ्न सकिन्छ । प्राचीनकालमा ज्ञानलाई ब्रह्मसमान समग्र एवं अखण्ड मानिन्थ्यो र त्यसको स्वरूप संश्लिस्ट थियो । वेद यसको प्रमाण हो । ज्ञानलाई दर्शन, विज्ञान आदि संकायहरूमा विभाजन गर्न सकिदैन । कौटिल्यको अर्थशास्त्रमा राजनीतिक र सामाजिक पहल संश्लिष्ट रूपमा नै प्राप्त हुन्छन् । ग्यालिलियो पूर्व 'दर्शन' र 'विज्ञान' लाई एकै ठानिथ्यो । त्यसबेला दर्शनलाई मीमांसा

दर्शन (स्पेकुलेटिभ फिलोसफी) र विज्ञानलाई व्यावहारिक दर्शन (प्राक्टिकल फिलोसफी) का नामबाट चिनिने गरिन्थ्यो (सिंहल, १९९७, पृ १५८) । प्लेटोको ग्रन्थ 'रिपब्लिक' मा पनि ज्ञानको अखण्डतालाई नै प्रतिपादन गरिएको छ । यस पछि विशेषज्ञताको युग आयो र ज्ञान बाँडिन पुग्यो । आधुनिक युगसम्ममा आएर ज्ञानको रूप विशिष्ट भएको छ । यसै विश्लिष्ट रूपमा दर्शन, साहित्य, विज्ञान तथा यिनका अनेक विधाशाखाहरू र प्रशाखाहरू विकसित भएका छन् । यी विधाशाखाहरू स्वतन्त्र हुँदाहुँदै पनि परस्पर पूर्णतया निरपेक्ष छैनन् किनभने ज्ञानको आत्यन्तिक विभाजन गर्न सकिदैन । प्रत्येक विधाशाखाले जीवन बुझ्न एक मार्ग प्रदान गर्दछ यसैले साहित्यको अनुसन्धान पनि अनिवार्य छ किनकि साहित्य पनि जीवन र ज्ञानको अखण्डताको वाहक हो । कविता, नाटक रङ्गमञ्च, उपन्यास, कथा, निबन्ध र आत्मकथाको अनुसन्धानात्मक स्वरूप, औचित्य र महत्वलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### *कविता अनुसन्धान स्वरूप औचित्य र महत्व*

कविताको अनुसन्धान, कविताको चिनारी बढाउने, कविता सृजन उद्घाटन गर्ने, कविताको भाषाका सन्दर्भ स्पष्ट गर्ने तथा कवितामा निहित संवेदनालाई उजागर गर्नेवाला हुनुपर्ने अपेक्षा हुन्छ (राजूरकर, १९९७ पृ. ३७) । कविताको अनुसन्धानले मूलतः भाषाको अभिव्यक्ति क्षमताका साथ भाषाको अन्तर्गठन तथा सहजतालाई प्रकाशनमा ल्याउने प्रयत्न गर्दछ ।

### *नाटक रङ्गमञ्च अनुसन्धान स्वरूप औचित्य र महत्व*

नाटकलाई यदि सुपरिकल्पित मन्चमा प्रस्तुत गरेमा त्यसले दर्शकको चित्तलाई आकर्षण गर्छ । आज मञ्च पृथक सत्ताका रूपमा नभएर नाटकका साथ एकात्मक भएर नाटकको अंगका रूपमा विद्यमान हुन्छ । आधुनिक नाट्य प्रस्तुति या मञ्च स्थापत्यको स्थान कति महत्वपूर्ण छ त्यसलाई विश्लेषित गरेर बुझ्न कठिन छ । नाटक रंगमञ्च अभेद छन् तर प्रयास रंगमञ्चलाई नाटक बाहिर खोज्ने भूल हामीबाट हुन्छ (राजूरकर, १९९७, पृ. ४६) । नाटक एक प्रयोगमूलक कला हो । नाटकको कलात्मक सार्थकता अभिनयबाट हुन्छ । कविता अनुरूप नाटक पनि परोक्षता निर्भर शिल्प छ । सहृदयताको सम्पर्क नाटक अभिनयद्वारा नै हुन्छ । नाटकको सार्थकता सम्पूर्ण रूपले सापेक्ष छ । यो सामाजिक साहित्य हो । नाटककार, अभिनेता, एवं दर्शक तीनैवटाको सम्यक समाज चेतना र सामाजिकता विना नाट्य रस सिद्धि हुँदैन (राजूरकर, १९९७, पृ.४७) । आर्ट अफ डेमोक्रेसी नाटकमा मात्र छ ।

### *उपन्यास अनुसन्धान स्वरूप औचित्य र महत्व*

उपन्यासको अनुसन्धानकार्य अन्तर्गत मूल रचनाको चिनारी उपन्यास वा उपन्यासकारको सम्पूर्ण रचना प्रक्रिया, सौन्दर्यशास्त्रीय अध्ययन, उपन्यास लेखन धारा सम्बन्धी सूचना हुन सक्छन् । साहित्य जीवनका अनुभवको रागात्मक सम्बन्धका सन्दर्भमा रूपायित गर्छ । जीवन अनेक मुखी छ र त्यसको पूर्ण विविधताहरूमा अन्तरङ्ग चित्रण गर्ने उपन्यास पनि बहुमुखी विधा हो । यसमा अनुसन्धान कार्य उपलब्ध नयाँ विधाहरूबाट प्राप्त औजार आधारमा अनेक प्रकार गर्न सकिन्छ (राजुरकर, १९९७, पृ. ८५) । इतिहासगत, शिल्पगत, प्रभावाङ्कन सम्बन्धी तुलनात्मक प्रवृत्तिगत जीवन तŒवको खोजी जस्ता विषयमा अनुसन्धान गर्न सकिन्छ । वास्तवमा जीवन वैविध्यको उपन्यासमा परिणतिको व्याख्यायित गर्न अनेकानेक जीवन तŒव र शिल्प सम्बन्धी प्रविधिलाई ध्यानमा राखेर अनुसन्धानकार्यमा संलग्न हुनु जरूरी छ ।

### *कथा अनुसन्धान स्वरूप औचित्य र महत्व*

आजको साहित्य विशेषत कहानी साहित्यको विचार पक्ष व्यक्तिको सक्रिय, सचेत र जुधा पक्ष सोचसँग जोडिन चाहन्छ, तर यसले सोच मात्र बनेर, समयको चालू उखानको जूठो नै ग्रहण गरेर, आफ्ना लागि सारा सुविधाहरू प्रवर्धन गरेर पुनः शहीदाना मुद्राबाट आफूलाई नसजाएर बस्नु भन्दा आफ्नो रचनात्मक अनुसन्धानमा

अधिकतर जागरूक र निर्मम हुन सक्नुपर्दछ (राजूरकर, १९९७, पृ. १२०) । आधुनिकता शास्त्र, दर्शन, रीति, परिपाटी नभई मानसिक दृष्टि हो । यसका मूलमाः वैज्ञानिकता, प्राविधिक र औद्योगिकरणको संस्कृति छ । आधुनिकता आधुनिक जिन्दगीको दवाव आधुनिक मान्छेको सोच र चिन्तन, उसको बन्द पूर्ण प्रश्नाकूल र सघर्षशील संवेदनशील मानसिकताबाट बनेको एक दृष्टिकोण छ । यो दृष्टिकोण आधुनिक मनुष्यले आफ्नो सामाजिक परिवर्तनको प्रक्रिया र ऐतिहासिक चक्रहरूबाट गुज्रदै तिनीहरूलाई बुझ्दै आर्जित गरेको हो । आधुनिकतालाई एक व्यापक सामाजिक, सांस्कृतिक चेतनाका रूपमा परिकल्पित र विकसित गर्न पश्चिमा दार्शनिक र विचारकहरूको ठूलो हात छ । आधुनिकताको सम्बन्ध  मानव व्यक्तिŒवको अनुसन्धानसँग मात्र नभई मानव मुक्तिको गतिशील धारणासँग पनि छ (राजूरकर, १९९७, पृ. १२१) । यो एकातर्फ अस्तिŒव दर्शनसँग, अर्कोतर्फ सामाजिक दर्शन र सामाजिक यथार्थसँग जोडिएको छ आधुनिकताको सही स्वर विद्रोहात्मक छ ।

### *निबन्ध अनुसन्धान स्वरूप औचित्य र महत्व*

निबन्ध अन्तर्गत हरेक चीज आउँछ । जो काव्य होइन, कथा होइन, नाटक होइन, निबन्ध हो भन्नै परेको छ । निबन्ध पश्चिममा साहित्यको देन हो । नेपालमा भ्बककथ को निबन्ध पर्यायवाची शब्द आएपछि सबै रचना त्यही परिसीमामा दाखिला भए । निबन्ध शब्दमा बन्धनको मर्यादा छ तर एस्से एकदम 'निबन्ध' रचना हो । निबन्धमा विषय प्रधानता हुन्छ । एस्सेमा सो नभई विषयका स्थानमा व्यक्ति हुन्छ । निबन्ध विषय सीमाहरूमा बाँधिएको हुन्छ, एस्सेमा व्यक्तिको अभिव्यक्तिमा कुनै नियन्त्रण हुँदैन । निबन्ध लेखक तर्कद्वारा पाठकको मस्तिष्क प्रभावित गर्न चाहन्छ तर एस्से लेखक आत्मीयता स्थापित गर्न चाहन्छ तर दुवै प्रकारका रचनाहरूमा यति मूलभूत अन्तर भएर पनि दुवैलाई एकै मानिएको छ । परिणामतः निबन्ध एक प्रकारको विशिष्ट प्रकारको रचनाहरूको अभिधान भयो तर सँगै आफ्ना परिवारका सदस्यलाई पनि साथै लिएर आयो । निबन्ध शब्दको अर्थ सीमामा यति विस्तार भयो कि त्यस अन्तर्गत सबै रचनाहरू गणना गरिन थालियो । निबन्ध विधाको प्रचार पत्र-पत्रिकाको माध्यमबाट भएकाले जीवनको विविधता जस्तै निबन्ध विविधतामय बन्न पुग्यो । यसैले लेख, रचना, समीक्षा, रिपोर्ताजी, संस्मरण, रेखाचित्र, शब्द चित्र, व्यक्तिचित्र, यात्रा-विवरण, शिकार कथा आदि सबै निबन्ध अन्तर्गत आए । निबन्ध सृर्जनात्मक साहित्य हो, यसमा शब्द र अर्थ दुवै प्रधानता पाउन प्रतिस्पर्धा गर्छन् । जुन रचनामा अर्थ, सौन्दर्यका साथ साथ शब्दको कलात्मक सौन्दर्यलाई पनि महत्व दिइन्छ, त्यो साहित्यिक रचना हो (राजूरकर, १९९७, पृ. १३५-१३६) । यसमा लेखकको व्यक्तित्व, अनुभूति, चिन्तन र कल्पना आउँछन् ।

निबन्ध साहित्यिक र साहित्येतर दुई प्रकारको हुन्छन् । जुन रचनामा अनुभूति, चिन्तन र कल्पनाको सश्लिष्ठ रूपमा लेखकको व्यत्तित्व प्रस्फुटित हुन्छ त्यही वास्तविक रूपमा निबन्ध हो । अन्य प्रकारका रचना साहित्येतर निबन्ध अन्तर्गत आउन सक्छन् । सृर्जनात्मक नभएर पनि साहित्य हुन सक्छ । जस्तै इतिहास, भूगोल, अर्थशास्त्र । निबन्धको परिचय सम्बन्धी कारणले पनि निबन्धको वास्तविक अनुसन्धानको आवश्यकता छ । अनुसन्धानकर्तामा दोहोरो जिम्मेवारी आउँछ । पहिलो उसले पूर्ववर्ती दृढबद्ध गल्तीलाई निराकरण गर्नु र नयाँ स्थापनालाई दृढ आधार प्रदान गर्नु हो । पहिलोलाई निरस्तर नगरी नयाँ स्थापना गर्न सकिँदैन र नयाँ स्वीकृत हुन समय लाग्छ । साहित्येतर विषयमा लेखिएका विषयनिष्ट निबन्ध साहित्येतर निबन्ध हुन्छन् भन्ने भ्रम विद्वान्हरूमा समेत छ, तर विषय पनि साहित्यिक र साहित्येतर हुँदैनन् । साहित्यका लागि कुनै पनि विषय वर्जित छैन । कुनै पनि विषय साहित्येतर हुँदैन । एउटै विषयमा पनि साहित्यिक र साहित्येतर निबन्ध बन्न सक्छ । साहित्यिक निबन्धलाई रचनात्मक र अलोचनात्मक गरेर विभाजन गर्न सकिन्छ ।

### *आत्मकथा अनुसन्धान स्वरूप औचित्य र महत्व*

विगतमा निबन्ध अन्तर्गत आत्मकथा देखा परेको छ । कुनै पनि विधाको सृर्जना प्रक्रिया र संरचनात्मक स्वरूप नबुझी अनुसन्धानको दिशा निश्चित गर्न सकिँदैन । आज आत्मकथा एक स्वतन्त्र विधा हो । यसको सृर्जना प्रक्रिया अन्य विधाभन्दा भिन्न छ । अतः यसको मूल्याङ्कन र अनुसन्धानको दिशा पनि भिन्न हुन्छ (

राजूरकर, १९९७ पृ. १३८) । 'स्व' सम्बन्धित सत्यको प्रतिपादन स्तरीय आत्मकथाको प्रयोजन हो । अतः आत्मकथामा एकातिर तथ्यात्मकता हुन्छ भने दोस्रो तर्फ अनुभवगत सत्यको आविष्कार पनि हुन्छ । जहाँ यी दुवै तत्व पूर्ण रूपबाट संश्लिष्ट हुन जान्छन् त्यहाँ सत्यको वाहिरी व्यावहारिक मापदण्डका आधार सम्भव छैन । आत्मकथाको जो सत्य छ त्यो या त तथ्यका साथ या लेखकानुभूतिसँग जोडिइरहन्छ । तर सही अर्थ यी दुईका सम्बन्धको समन्वयबाट विकसित हुन्छ । आत्मकथाका घटनाहरू एक कलाकारको ऐतिहासिक जीवनसँग र अर्को उसको वर्तमानसँग सम्बन्धित हुन्छ । अतीतका स्मृतिहरू र स्मृतिहरू जागृत गर्ने वर्तमान मस्तिष्क दुवै मिलेर लेखकका अतीतको र वर्तमान बोध प्रतीकात्मक स्तरमा उभ्याइन्छ (राजुरकर, १९९७ पृ. १४०) । यसको प्रयोजन आत्मनवेषण हो, तथ्यको प्रस्तुतीकरण हो ।

***आधुनिककाल अनुसन्धान स्वरूप औचित्य र महत्व***

आधुनिक काल विशेषीकरणको हो । ज्ञान विज्ञानको अनेक क्षेत्र अलग अलग भएका छन् र सबैको विकास स्वतन्त्र रूपले भइरहेको छ । यस विशेषीकरणको प्रभाव साहित्यिकहरूमा पनि परिरहेको छ । प्राचीन साहित्यका विशेषज्ञ र माध्यमिक कालका विशेषज्ञ अलग पनि पाइन्छन् । आधुनिक कालमा पनि अलग अलग विधाहरूका विशेषज्ञ पाइन्छन् । एक व्यक्तिले यी सबै पढ्न सक्दैन । साहित्यिक अनुसन्धानका लागि नियमित पठन आवश्यक छ । पठनका साथ मनन र तदनुसार लेखन भएमा कार्य अघि बढ्छ ।

बर्टेण्ड रसेल भविष्यमा शक्तिको मनोभावले प्रेमको मनोभाव पूरा पराजित गर्ने गर्दछ, भन्छन् । रसेल प्रेमी, कवि र रहस्यवादीलाई प्राप्त हुने सन्तोष त्यसको अनुभूति शक्तिका अन्वेषीलाई कदापि नहुने ठान्छन् । 'साहित्यिक अनुसन्धान' मा खास गरेर आधुनिक जीवनको परिप्रेक्ष्यलाई पूरा गर्ने प्रयत्न गर्नु पर्दछ । यस सन्दर्भमा रसेलले खोजेको समस्याको मनोवैज्ञानिक समाधान खोज्नु आवश्यक छ ।

समकालिन लेखन सामाजिक सन्दर्भलाई **महत्व** दिन्छ । यस लेखनमा व्यक्तिको स्वास्थ्य, सामाजिक स्वास्थ्यका साथ एक रूप हुनु यस कुराको प्रयास हो । यो प्रयत्नमा जीवनका विसंगतिहरूका जुन चित्र उत्रिरहेका छन्, तिनलाई रेखांकित गर्नुपर्दछ । यस प्रयत्नबाट व्यक्ति र समाज दुवै मुक्तभावबाट निकट आउनु पर्दछ (राजुरकर, १९९७: क्ष्ह० । अनुसन्धानकर्ताहरूको कार्य जीवनको जटिलता र दुरूहतालाई बौद्धिक आधार दिनु हो, जो छ त्यसलाई स्पष्ट रूपमा बुझाएर भन्नु हो ।

**निष्कर्ष**

यो अनुसन्धान विधागत अनुसन्धानको स्वरूप, औचित्य र **महत्व**सँग सम्बद्ध विषयमा केन्द्रित छ । यसमा व्याख्यात्मक र विश्लेषणात्मक विधि र ढाँचा प्रयोग गरिएको छ । विधागत अनुसन्धान पद्धति वैज्ञानिक पद्धति हो । यसको अध्ययन विधागत आधारमा हुने तर विधागत स्वरूप, औचित्य र **महत्व**सँग सम्बद्ध समायोजनका रूपमा गरिनु पर्ने आवश्यकता रहेको छ । हरेक विधाका बीचमा स्वरूप औचित्य र **महत्व**का विभिन्न पक्ष विधागत अनुसन्धानसँग गाँसिएका हुन्छन् । कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा कुनै पनि विधाको अर्को विधासँग स्वरूप औचित्य र **महत्व**का सहसम्बन्ध राखेर मात्र पुनः अध्ययन गर्नु पर्ने मान्यता यस अध्ययनबाट प्राप्त भएको छ । यस अध्ययनले आजको अध्ययन विधागत आधारमा हुनु पर्ने, जटिल मिश्रित विशिष्टिकृत अध्ययन अनुसन्धानमा समेत जीवनको जटिलता र दुरूहतालाई बौद्धिक आधार दिएर पूर्ण गरिनु पर्ने दृष्टिकोण निर्माण गरेको छ । यसै आधारमा साहित्यि विधाको अध्ययन वा अनुसन्धान कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानी जस्ता विभिन्न वा तीमध्ये कुनैसँग सम्बन्धित स्वरूप औचित्य र **महत्व**मा आधारित भएर मानवीय चेतनाका ग्रहण, विचार, भाव, सुख, दुःख र प्रेषणीयताका आधारबाट गर्न सकिने र त्यसबाट नै अध्ययनमा पूर्णता आउँछ भन्ने यसको प्राप्ति र निचोड रहेको छ ।

## सन्दर्भसामग्री

गुप्ता, ए.एन र गुप्ता, सतीश (१९८३ ई.), *ए डिक्शनरी अफ लिटरटी* टमर्स, वरेली प्रकाशन बुक्स डिपो ।

गुप्ता, सुरेशचन्द्र (१९६७ ई.), *शोध समीक्षा,* आगरा प्रकाशन दिल्ली ।

चलेर, जनार्दन राव (१९९७ ई.), *आधुनिक साहित्य और अनुसन्धान* ।

वराल, ऋषिराज (२०५५), *उपन्यासका सौन्दर्यशास्त्र,* साझा प्रकाशन काठमाडौँ ।

बन्धु, खेमनाथ (२०३३), *अनुसन्धान परिचय,* नौलो नेपाली प्रकासन काठमाडौँ ।

बन्धु चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* रत्नपुस्तक भण्डार काठमाडौँ ।

गजानन, माधव (१९८९ ई.), *समीक्षा की समस्याएँ* दोस्रो सं., राजकमल प्र. नयाँ दिल्ली ।

पोखेल, बालकृष्ण र अन्य (२०४०), *नेपाली वृहत् शब्द कोश,* नेराप्रप्र काठमाडौँ ।

राजुरकर, बोरा (१९९७ ई.), *आधूनिक साहित्य और अनुसन्धान,* राजमहल ।

शर्मा, मोहनराज (२०५५) , *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* नेराप्रप्र काठमाडौँ ।

शर्मा, मोहनराज (२०४८), *शैली विज्ञान,* नेराप्रप्र काठमाडौँ ।

सिहंल, शशिभूषण (१९८१ ई.), *हिन्दी साहित्य विधाऐ और दिशाए,* प्रवीण प्रकाशन दिल्ली ।

सिंहल, वैजनाथ (१९९७ ई.), *आधुनिक साहित्य और अनुसन्धान,* नेशनल पब्लिसिङ्ग हाउस दिल्ली ।